<u>आ.व. ०८१/८२ को प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्ताव नं १</u> -पूर्व -पश्चिम राजमार्गको बुटवल-नारायणघाट खण्ड निर्माण सम्बन्धमा ।

<u>निर्णय नं १</u> -प्रस्ताव नं १ माथि छलफल गर्दा पूर्व पश्चिम राजमार्गको बुटवल नारायणघाट खण्ड निर्माण अत्यन्त ढिलो भई आम नागरिकहरुलाई यात्रामा असहज अवस्था रहेकोले सो सडकमा सहज यातायात व्यवस्था मिलाउन सरोकारवाला निकायहरुलाई लेखि पठाउने निर्णय सर्व सम्मतले पारित गरियो।

<u>प्रस्ताव नं २</u>- महेशपुर-परासी-सुनवल-महलपोखरी- गोठादी सडक सम्बन्धमा ।

<u>निर्णय नं</u> २- प्रस्ताव नं २ माथि छलफल गर्दा औद्योगिक कोरिडोरको रुपमा रेखांकन भई महेशपुर देखि सुनवल सम्म सडक पूनः निर्माणको लागि पटक पटक टेण्डर भई निर्माण कार्य ढिला सुस्ती भएको र सुनवल देखि महल पोखरी हुदै गोठादी सम्म सडकको ट्रयाक खोल्ने कार्य सम्पन्न भएको हुँदा उल्लेखित सडक खण्डको निर्माण कार्य अगाडी बढाउन संघीय मन्त्रालयमा माग गर्ने सर्व सम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं ३-</u> सडक बत्ति सम्बन्धमा ।

<u>निर्णय नं ३-</u> प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरणले स्थानीय तहहरु सँग सडक बत्तीको नाममा रकम माग गरी स्थानीय तहहरुलाई त्रसित बनाएकोले सो सडक बत्तीको रकम माग नगर्न नेपाल विद्युत प्राधिकरणसँग लेखि पठाउने र सडक बत्तीको रकम स्थानीय तहसँग माग नगर्ने व्यवस्थाको लागि नेपाल सरकार समक्ष पठाउने सर्व सम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं ४-</u> अन्तर पालिका सडक निर्माण सम्बन्धमा ।

<u>निर्णय नं ४-</u> प्रस्ताव नं ४ माथि छलफल गर्दा यस जिल्ला भित्र रहेका तपसिलका अन्तर पालिका सडक निर्माणको लागि प्रदेश सरकार समक्ष लेखि पठाउने सर्व सम्मत निर्णय गरियो ।

<u>तपसिलः</u>

१. ज्यामिरे-अस्नैया – पण्डितपुर सडक ।

२. सुनवल-अमरौट – बन्जरिया – रामग्राम सडक ।

३. मन्झरिया – सनई – रगरगंज सडक ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

४. उज्जैनी – चिमनटोल सडक ।
५. रामग्राम – जीतपुर – बैरवा - विसुनपुरा सडक ।
६. वासा – पिपरहिया – महेशपुर सडक ।
७. चिसापानी – मझौनी – बडसार सडक।
८. पञ्चनगर – महेशपुर सडक।
९. हरकट्टा – परासी सडक ।
१०. महेशपुर – गनेशपुर – सुर्यपुरा – बेलाटारी सडक ।
११. वाढीपिडित – कुकुरमारा – त्रिवेणी सडक ।
१२. बेलाटारी – नर्सही – बद्री घाट सडक ।
१३. महेशपुर – भुजहवा – बर्दघाटे – सुर्यपुरा – त्रिवेणी सडक।
१४. भुजहवा – सोमनी – सोनवर्षा – खैरेनी सडक ।
१५. बर्दघाटे – बसहिया – गुठी प्रसौनी – पक्लिहवा सडक ।

**प्रस्ताव नं ५**- खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णय नं ५**- प्रस्ताव नं ५ माथि छलफल गर्दा यस कार्यालयको आ.व. ०८०।८१ मा भए गरेका सम्पूर्ण खर्चहरु अनुमोदन गर्ने सर्व सम्मत रुपले निर्णय गरियो ।

**प्रस्ताव नं ६**- बुद्ध सर्किट निर्माण सम्बन्धमा ।

**निर्णय नं ६** प्रस्ताव नं ५ माथि छलफल गर्दा रामग्राम स्तुपालाई केन्द्र मानि बुद्ध सर्किट निर्माण गर्न लुम्बिनी विकास कोष र नेपाल सरकार समक्ष माग गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ७**- कक्षा ११, १२ को कक्षा सञ्चालन सम्बन्धमा ।

**निर्णय नं ७**- प्रस्ताव नं ६ माथि छलफल गर्दा ११,१२ को कक्षा सबै विद्यालयहरुले दिउसो सञ्चालन गर्ने वातावरण तयार गर्न पहल गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ८**- धन्यबाद ज्ञापन सम्बन्धमा ।

**निर्णय नं ८**- प्रस्ताव नं ७ माथि छलफल गर्दा यस जिल्लाको बर्दघाट नगरपालिकामा ट्रमा सेन्टर स्थापना गर्न सहयोग पुर्याउनु हुने सबै माननिय ज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, स्थानीय निकायका जन प्रतिनीधिज्यूहरु, सबै राजनीतिक दलका नेतागणहरु उक्त कार्यमा सहयोग गर्ने अन्य व्यक्तित्वज्यूहरु लगाएत नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)